सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक



**विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।**

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९



♦ वर्ष ८ ♦ अंक १५६ ♦ २०८१ साल माघ २ गते बुधवार ♦ 15 Jan 2025 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com


# खुम्चियो मधेस प्रदेशको उद्योगका उत्पादन क्षमता

**खबर दर्पण समाचारदाता**

**माघ १ गते, बर्दिवास**

मधेस प्रदेशमा रहेका उद्योगहरूको आफ्नो उत्पादन क्षमताको औसतमा ५१ दशमलव ०३ प्रतिशतमा खुम्चिएको छ। नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको आर्थिक वर्ष २०८०-८१ को प्रादेशिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन (मधेस प्रदेश) अनुसार आव २०७९-८० को तुलनामा आव २०८०-८१ मा उद्योगहरूको उत्पादन क्षमता औसतमा १० दशमलव ५३ प्रतिशतले खुम्चिएको छ। जबकि गत आर्थिक वर्ष २०७९-८० मा यहाँका उद्योगहरूको औसत क्षमता उपयोग ६१ दशमलव ५६ प्रतिशत रहेको थियो।




राष्ट्र बैंकको प्रतिवेदनअनुसार समीक्षा अवधिमा हल्का पेयपदार्थ उद्योगले सबभन्दा बढी ९७ दशमलव ७८ प्रतिशत क्षमता उपयोग भएको देखाएको छ। त्यसैगरी सो आवमा वनस्पति घिउ उद्योगको क्षमता उपयोग सबभन्दा कम अर्थात् शूल्य दशमलव ४० रहेको देखाएको छ।

वनस्पति घिउ उद्योगको क्षमता अति न्यून रहनुमा हालका दिनहरूमा वनस्पति घिउको गार्हस्थ्य तथा औद्योगिक प्रयोग कम हुँदै जानु र यसको विकल्पमा भटमासको तेल तथा पाल्म तेलको प्रयोग बढ्दै गएकाले यसको बजार माग घट्दै जाँदा उत्पादन पनि क्रमशः घट्दै गएको प्रतिवेदनमा उल्लेख गरिएको छ।

राष्ट्र बैंकका अनुसार समीक्षा अवधिमा प्लास्टिकजन्य उद्योगको र छाला तथा छालाको सामान उत्पादन गर्ने उद्योगको क्षमतामा अघिल्लो अवधिको तुलनामा कमी आएको पनि औंल्याएको छ।

राष्ट्र बैंकको प्रतिवेदनले आर्थिक वर्ष २०८०-८१ मा फलामको छड तथा पत्ती उद्योगको क्षमता उपयोग ४१ दशमलव २५ प्रतिशत रहेको देखाएको छ। जबकि आव २०७९-८० मा फलामको छड तथा फलामको


*बाँकी पृष्ठ ३ मा*


# संविधान संशोधन गर्दा मधेशको मुद्दालाई सशक्त रुपमा उठाउनुपर्छ : मधेश केन्द्रित दलहरु

**खबर दर्पण समाचारदाता**

**माघ १ गते, बर्दिवास**



मधेश केन्द्रित राजनीतिक दलहरूले संविधान संशोधनको बेलामा मधेशका मुद्दालाई सशक्त रुपमा अगाडि बढाउने सहमति गरेका छन् । मधेश केन्द्रित दलहरुबीच गठित कार्यदलको बैठके आफूहरुको संवादलाई निरन्तरता दिनेसमेत निर्णय गरेको हो ।

धुम्वाराहीस्थित समर्पण एकेडेमीमा बसेको बैठकले मोर्चालाई निरन्तरता दिने निर्णय भएको जनमतका प्रवक्ता शरद यादवले बताए । संविधान संशोधनलगायतमा मधेशको मुद्दालाई सशक्त रुपमा अगाडि बढाउने उनले बताए ।

बैठकले मोर्चा निर्माणको खाका, उद्देश्य र साझा एजेन्डा तय गरेको छ । सरकारले संविधान संशोधनको एजेन्डा अघि सारेपछि मधेश केन्द्रित दलहरू एकजुट भएर मोर्चा बनाउने प्रयासमा छन् ।

बैठकमा जनमत, जसपा, लोसपा, राष्ट्रिय मुक्ति मोर्चा, जनप्रगतिशील, लमलोपा लगायत दलका नेताहरुका साथै स्वतन्त्र सांसद अमेरशकुमार सिंह पनि सहभागी भए । बैठकमा उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी नेपाल भने सहभागी भएन ।

# प्रादेशिक प्रयोगशालाको निर्देशकको विषयमा विवाद




**खबर दर्पण समाचारदाता**

**माघ १ गते, बर्दिवास**

मधेस सरकार भित्र प्रादेशिक जनस्वास्थ्य प्रयोगशालाको निर्देशकको विषयलाई लिएर मुख्यमन्त्री कार्यालय र स्वास्थ्य मन्त्रालयबीच जुंगाको लडाई शुरु भएको छ । प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा अहिले निमित्त निर्देशक थिए डा. कुमार मृत्युञ्ज प्रसाद । मुख्यमन्त्री कार्यालयले आइतबार एक पत्र लेख्दै डा.


*बाँकी पृष्ठ ३ मा*



# शिरीष अफसेट प्रेस

**बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी**

- ✓ पत्रिका
- ✓ क्यालेण्डर
- ✓ रजिष्टर, डाइरी
- ✓ किताब
- ✓ परीक्षा कपी
- ✓ पर्चा पम्पलेट
- ✓ बिल, भाउचर,



- ✓ स्क्रिन प्रिन्ट
- ✓ विवाह कार्ड
- ✓ प्रमाण पत्र
- ✓ भिजिटिङ कार्ड
- ✓ झोला प्रिन्ट
- ✓ रबर स्टाम्प




- ✓ फ्लेक्स प्रिन्ट
- ✓ ब्यानर प्रिन्ट
- ✓ होर्डिङ बोर्ड
- ✓ स्टिकर
- ✓ फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

## प्रादेशिक प्रयोगशालाका...........

प्रणवकुमार यादवलाई निर्देशकको पद सम्हाल्न भनेको थियो । मुख्यमन्त्री कार्यालयका शाखा अधिकृत मिथिलेशकुमार महतोद्वारा हस्ताक्षरित पत्रमा डा. यादवलाई तत्काल व्यवस्था नभएसम्म आर्थिक तथा प्रशासनिक अधिकारसहित प्रादेशिक प्रयोगशालाको निमित्त निर्देशकको पद सम्हाल्न भनिएको छ ।

त्यसको एक दिन नबित्दै मधेसको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले मुख्यमन्त्री कार्यालयको निर्णयलाई काउण्टर गर्दै उनलाई हाजिर नगराई सम्बन्धित कार्यालयमा पठाउन सोमबार पत्र जारी गरेको हो । मन्त्रालयको निमित्त सचिव राजेशकुमार कर्णको हस्ताक्षर सहित जारी गरिएको पत्रमा प्रयोगशालामा निर्देशक पठाउने अधिकार मन्त्रीपरिषद स्तरीय निर्णयबाट हुनुपर्नेमा त्यस्तो नभएको र डा. प्रणवकुमार यादवको सेवा समूह र पदको दरबन्दी खाली नरहेकाले निजलाई हाजिर नगराई सम्बन्धित कार्यालयमा फिर्ता पठाउन भनिएको छ । डा. प्रणवकुमार यादव १०औं तहका कर्मचारी हुन् भने डा. कुमार मृत्युञ्जयप्रसाद ९औं तहका कर्मचारी हुन् । डा. प्रणवकुमार यादव हाजिर समेत भई सकेका छन् । उनलाई हाजिर हुन कार्यालयमा अर्को रजिष्टर खडा गर्नु परेको थियो । उनी कार्यालयमा हाजिर भएपछि निमित्त निर्देशक रहेका डा. मृत्युञ्जय प्रसाद पक्षधर कर्मचारीहरु स्वास्थ्य मन्त्रालय पुगेर मुख्यमन्त्री कार्यालयको पत्रलाई काउण्टर दिने गरी अर्को पत्र लेखाउन लगाएको प्रयोगशालाकै कर्मचारीहरुको आरोप छ ।

मुख्यमन्त्री कार्यालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले फरक प्रकृतिको पत्र जारी गरेपछि प्रदेश सरकार नै प्रयोगशालालाई तहसनहस पार्न खोजिरहेको आरोप कर्मचारीहरुले लगाए ।

यस अघि डा. श्रवणकुमार मिश्र निर्देशक हुँदा समेत प्रदेश सरकारकै हस्तक्षेप हुँदा ११औं तहको सिनियर कर्मचारी हुँदाहुँदै पनि उनलाई यहाँबाट जानु परेको थियो । उनको स्थानमा ९औं तहका जुनियर कर्मचारी डा. कुमार मृत्युञ्जय प्रसादलाई निमित्त निर्देशक बनाएर पठाएको थियो । उनलाई हाजिर गराउन मुख्यमन्त्री तथा मन्त्रीहरु स्वयं प्रादेशिक प्रयोगशाला पुगेर घण्टौं धर्ना दिए जस्तै बसेका थिए ।

## खुम्चियो मधेस...

आव २०८०-८१ म सिमेन्ट उद्योगको क्षमता उपयोग ३७ दशमलव ६९ प्रतिशत रहेको छ। जबकि आव २०७९-८० मा भने सिमेन्ट उद्योगको क्षमता उपयोग ३९ दशमलव ३९ प्रतिशत रहेको देखाएको छ।

आव २०८०-८१ मा हल्का पेयपदार्थ उद्योगको क्षमता उपयोग ९७ दशमलव ७८ प्रतिशत रहेको छ।

आव २०८०-८१ मा गहुँको पिठो उद्योगको क्षमता उपयोग ७३ दशमलव ६९ प्रतिशत, भटमासको तेल उद्योगको क्षमता उपयोग १४ दशमलव २३ प्रतिशत, साबुन उद्योगको क्षमता उपयोग २९ दशमलव १९ प्रतिशत, आल्मुनियम उत्पादन उद्योगको क्षमता उपयोग ८५ दशमलव ७५ प्रतिशत, केमिकल लिक्युड पदार्थ उद्योगको क्षमता उपयोग ४३ दशमलव २६ प्रतिशत रहेको छ।

राष्ट्र बैंकको प्रतिवेदनले देशमा सञ्चालित अधिकांश उद्योगहरू ५० प्रतिशतभन्दा कम क्षमतामा सञ्चालित रहेकाले बढी क्षमतामा सञ्चालन हुने वातावरण तयार पार्नुपर्ने औंल्याएको छ।

प्रतिवेदनमा भनिएको छ, 'श्रमिक, ऊर्जा तथा बजार जस्ता कारणहरूले उत्पादन अवरूद्ध हुने अवस्था अन्त्य गर्दै वर्षैभरि उद्योग चल्ने वातावरण बनाई कच्चापदार्थको नोक्सानी र उत्पादनको लागत घटाउनुपर्ने देखिन्छ।'

## राष्ट्रिय स्तरका खेलाडी उत्पादन....

राममणी अधिकारीले खेलको माध्यमबाट लागुऔषध दुर्व्यशनलाई निरुतसाहित गर्ने प्रयास प्रसंशनिय भएको बताए । उनले खेलकुद भनेकै मानिसको जीवन जिउने आधार संग जोडिएको मुख्य बिषय भएको भन्दै यस्को क्षेत्र समेत फराकिलो हुँने धारणा राखे । खेललाई मानिसको शारीरीक तथा मानसिक क्षमतासंग मात्रै नभएर समाजलाई समेत एकताको सुत्रमा बाँध्ने माध्यम भएको अधिकारीले उल्लेख गरे ।

खेल भनेको राष्ट्रकै गौरब भएकाले यसले अन्तराष्ट्रिय स्तर सम्म समेत पहिचान बनाउने मुख्य माध्यम भएको उनको भनाई छ । अधिकारीले खेलक्षेत्रलाई बिद्यालय स्तरसंगै जोडेर यस्को जग बसाल्न सकेमा मात्रै माथिल्लो स्तरसम्म पुर्याउन सकिने उनको धारणा छ। उनले भने, खेलका बिभिन्न तह हुन्छन,तल्लो तहदेखीनै जोड्दै लैजान सकेमा माथिसम्मै यसको बिकास हुन्छ। खेल खेल्नु भनेकै अनुसाशनलाई जीवनमालागु गर्ने मुख्य माध्यम भएकाले प्रत्येक खेलको आफ्नै नियम रहेको उनले बताए ।

बर्दिवास नगरपालिकाको आर्थिक सहयोगमा सर्च ०४४ खेलकुद तथा सांगितिक समुहले आयोजना गरेको दोश्रो मेयर कप वडा स्तरीय क्रिकेट प्रतियोगिता २०८१ को मंगलवार भएको पहिलो खेलमा वडा नम्बर १ बिजयी भएको छ ।टस जितेर फिल्डिङ्ग रोजेको वडानम्बर १ ले वडा नम्बर ९ पशुपतिनगर लाई १५ ओभरमा ४ विकेट गुमाउँदै १ सय ४ रन ल्याई बिजयी भएको हो । खेलमा सर्वाधिक रन ल्याउने वडा नम्बर १ का पिपल लामा रहेका थिए । उनले ४७ रन बनाएर खेलको म्यान अफ,द म्याच घोषित भए । त्यसैगरी खेलमा वडानम्बर १ का बादल भुजेलले ४ विकेट लिएका थिए । आज भएको खेलमा वडा नम्बर ९ पशुपतीनगरका अप्पु यादबले सबैभन्दा बढी २७ रन बनाउन सफल भएका थिए । बर्दिवास नगरपालिका २ स्थित रंगशालामा शुरु भएको दोश्रो मेयरकप वडा स्तरीय क्रिकेट प्रतियोगिता २०८१ को प्रथम हुने खेल समुहलाई नगद रु ५० हजार शिल्ड र ट्रफि प्रदानगरीने छ। त्यसैगरी दोश्रो बिजेतालाई रु २५ हजार नगद शिल्ड र ट्रफि प्रदान गरीने सो खेल व्यवस्थापन समितीका संयोजक अनिश शाहले जानकारी दिए ।

यहि माघ ९ गते सम्म सञ्चान हुँने खेल सञ्चालन गर्न ४ लाख ६ हजार खर्चलाग्ने अनुमान गरिएको आयोजकले जनाएको छ । सो रकमको व्यवस्थापन बर्दिवास नगरपालिकाले गर्ने बताईएको छ ।


सामाजिक सञ्जालको प्रयोग गर्दा सावधानी अपनाऔं,
सामाजिक मर्यादाको ख्याल गरौं।

मटिहानी नगरपालिका, महोत्तरी


## भाग्य चक्र

**मेष** - मानप्रतिष्ठा र सामाजिक मर्यादामा अभिवृद्धि हुनेछ। व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । अपूरा कार्य पूर्ण हुनेछन्।

**वृष**- व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । पती-पत्नी बीचको सम्बन्ध अझ प्रगाढ हुनेछ । धार्मिक यात्राको योग रहेको छ ।

**मिथुन**-आर्थिक क्षेत्र सबल रहने छ भने स्वास्थ्य पनि सकारात्मक रहने छ। कार्य सफल हुँदै जानेछ। प्रेमिका संग रमाइलो यात्रा हुन सक्छ।

**कर्कट** - प्रतिकूल समय छ, त्यसैले विश्वास गरेका व्यक्तिबाट नै विश्वासघात हुने सम्भावना छ। अशान्ति र अराजकताका समाचार सुन्नु पर्ने हुनसक्छ। दाम्पत्य सम्बन्धमा पनि तालमेल बिग्रन सक्छ।

**सिंह** - सामाजिक कामको दायित्व थपिने छ। वित्तीय क्षेत्र र व्यापारिक लगानीका लागि नयाँ काम गर्न उचित समयको योग छ। भाइबहिनी र छोराछोरीले मनग्ये सहयोग गर्नेछन्।

**कन्या** - समय राम्रो छ। अन्न फलफूल आदि कृषिजन्य व्यवसायबाट राम्रो आर्थिक उपार्जन हुने योग छ। नोकरी बाट सन्तोष लिन सकिनेछ।

**तुला** - लामो समयपछि रस रङ्गको चाहना पूर्ण हुने योग आएको छ। दाम्पत्य सम्बन्धमा सुमधुरताको प्राप्ति हुनेछ। बालबच्चाबाट पनि सुख सन्तोष प्राप्त हुनेछ।

**वृश्चिक** - सामाजिक कामबाट प्रशंसा प्राप्त हुनेछ। धार्मिक, सामाजिक र सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ। बौद्धिक क्रियाकलाप, दर्शन र चिन्तनप्रति झुकाव बढ्ने छ। सचेत एवं सावधान रहनु होला।

**धनु** - अपूरा कार्य पूर्ण हुनेछन्। धार्मिक तथा आध्यात्मिक क्षेत्रतर्फको काममा सहभागी बन्नु पर्नेछ सानोतिनो लाभदायक यात्राको सम्भावनालाई नकार्न सकिदैन।

**मकर** -समय अनुकुल छ। व्यापार व्यवसायमा उन्नतीको योग छ। शैक्षिक गतिविधिमा रुचि बढ्नेछ। यात्रा हुने योग छ। अचल सम्पती जोर्न सकिन्छ।

**कुम्भ**- अध्ययन, अध्यापन र लेखनकार्यमा उच्च सफलता प्राप्त हुने छ। व्यावहारिक र प्राविधिक काममा विशेष सफलता प्राप्त हुने छ। आम्दानीका मार्गहरु खुल्ला रहनेछन्। उपहारआदी प्राप्त हुनेछ। उपहारआदी प्राप्त हुनेछ ।

**मीन** -खराब समय छ। स्वास्थ्यमा अचानक गडबडी आउने सम्भावना देखिन्छ। सानोतिनो चोटपटक नै पनि लाग्न सक्छ, ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

| | |
|---|---|
| एम्बुलेन्स (सोसल वेलफेयर & रिसर्च सेन्टर) | ४१-५४०२३२ |
| महेन्द्रनगर,धनुषा | ९८४४०२४४५०/ ९८०४८२५८६० |
| एम्बुलेन्स (हिमालय युवा क्लव नक्टाझिज) | ०४१-६२०४९१ ९८०४८१५१२६ |
| इलाका प्रहरी कार्यालय महेन्द्रनगर | ५४०१९९ |
| विद्युत प्राधिकरण महेन्द्रनगर | ५४०१६१ |

# रामगोपालपुर ३ दोलाढीका सौतेनिया पोखरी ओझेलमा

**खबर दर्पण समाचारदाता**

**माघ २ गते, बर्दिवास**

महोत्तरी जिल्लाको मात्रै नभई सम्भवतः यस भेगकै सबभन्दा ठुलो पोखरीको रूपमा चिनिएको रामगोपालपुर ३ दोलाढीका सौतेनिया पोखरी ओझेलमा परेको छ ।

पिकनिक स्पट, डुङ्गा सयर, शान्त र रमणीय ठाउँको रूपमा त्यसलाई विकास गर्न सकिने भए पनि प्रचारप्रसार हुन नसक्दा सो पोखरी ओझेलमा परेको रामगोपालपुर नगरपालिकाका वयोवृद्ध लक्ष्मी मण्डलले जानकारी दिनुभयो ।करिब २२ बिघामा फैलिएको सो पोखरी सम्भवतः नेपालकै सबभन्दा ठुलो पोखरी हुन सक्ने दाबी गर्नुहुँदै मण्डलले भन्नुभयो, 'उचित प्रचारप्रसार नहुँदा तथा पोखरीमा प्रचारप्रसारका लागि अत्यावश्यक काम हुन नसक्दा पोखरीबारे धेरै जना अनभिज्ञ छ ।'

जलेश्वर जनकपुर सडकखण्डबाट करिब १०० मिटर पश्चिममा पर्ने सो पोखरी ९४५ हाथ लामो भएको जनाइएको छ। स्थानीय वयोवृद्ध मण्डलले स्थानीय पालिका निर्माण भएपछि पोखरीबारे चासो, चिन्ता र कामहरू केही भए पनि अपेक्षाकृत हुन नसकेको बताउनुभयो। सो पोखरी कसले र कुन समयमा निर्माण गराएको हो सो को यकिन तथ्याङ् नभएको बताउनुहुँदै वयोवृद्ध लक्ष्मी मण्डलले भन्नुभयो, 'कुनै राजा, महाराजले सो पोखरी निर्माण गराएको हुन सक्ने आँकलन गर्न सकिन्छ, किनकी पोखरी वरपर माटो खन्दा ठुलठुला आकारको इँटहरू फेला पर्ने गरेको छ ।'

रामगोपालपुर एफएमका सञ्चालक किशोर कुमार ठाकुर ले सौतेनिया पोखरी कुनै राजा, महराजाहरूले सुखसयलका लागी निर्माण गराएको हुनसक्ने स्थानीयवासीहरूको भनाइ छ। कतिपयले सो क्षेत्रमा विगतमा गढ समेतले पोखरी ऐतिहासिक रहेको बताउनुभयो। सौतेनिया पोखरीको वरपर विगतमा कुनै गढ वा के थियो त्यो भने अनुसन्धानको विषय रहेको बताउनुहुँदै युवा ठाकुरले स्थानीय पालिकाले सो क्षेत्रलाई उत्खनन् गराउनुपर्ने सल्लाह दिनुभयो ।

स्थानीय बुढापाकाहरूले करिब २२ बिघामा फैलिएको पोखरीको बिचमा खेतको आलीझैं दुई भाग देखिएकोले पोखरीको नाम सौतेनिया रहेको बताउनुहुँदै पोखरीको डिलमा सौतेनिया माई तथा पोखरीको पूर्वपट्टी शिव निल महादेवको मन्दिर समेत रहेको छ। कतिपय स्थानीयवासीहरूले सो पोखर ीभित्र दुई वटा इनार भएको कारण सो पोखरीलाई सौतेनिया पोखरी भनिँदै आए पनि के कारणले सौतेनिया पोखरी नामाकरण गरिएको हो त्यस्को अनुसन्धान गर्नु आवश्यक रहेको युवा किशोर ठाकुरले बताउनुभयो ।

सूचनाको हक सम्बन्धि राष्ट्रिय महासंघ महोत्तरी शाखाले सो पोखरीको प्रचारप्रसारमा टेवा पुग्ने उद्देश्यले पहिलो बैठक सोही ठाउँमा राखिएको जनाएको छ । शाखाका अध्यक्ष धर्वेन्द्र कुमार यादव(बाबु प्रेम यदुवंशी)ले एकदमै शान्त



वातावरण रहेको सो पोखरीको प्रचारप्रसार आवश्यक रहेको बताउनुहुँदै सो पोखरीलाई सौन्दर्यीकरण गरेर पिकनिक स्पट, डुङ्गा सयर लगायतका कुराहरू गर्ने हो भने पालिकाको समेत विकास हुने बताउनुभयो ।

हालै सो पोखरीको भ्रमण गरेर आउनुभएका जलेश्वरका युवा जितेन्द्र पासवानले चारै तर्फ रुखहरूको बिचमा शान्त र मनोरम देखिने सौतेनिया पोखरीको उचित विकास र संरक्षण जरुरी रहेको बताउनुभयो। रामगोपालपुर नगरपालिकाको ११ औं नगर सभाले सौतेनिया पोखरी र अन्य पोखरी समेतलाई सौन्दर्यीकरण गरी पर्यटकीय क्षेत्रको रूपमा विकास गर्नका लागि आवश्यक रणनीति अपनाइने उल्लेख गरेबाट पनि सो पोखरीको ऐतिहासिकतालाई पुष्टि गर्ने नगरप्रमुख रामदुलार साहले बताउनुभयो ।

नगरप्रमुख साहले नगरभित्रका प्राचिन मठमन्दिर, गुठी, ताल, तलैया, पोखरीहरूको स्तरोन्नती र संरक्षणका लागि नगर पालिकाले कामकाज गरिरहेको बताउनुहुँदै संघीय सरकारको समपुरक अनुदानबाट सौतेनिया पोखरीमा गेट, घेरा तथा धर्मशाला लगायतका कामहरु भइरहेको बताउनुभयो ।

बर्दिवास जलेश्वर राजमार्गमा पर्ने सो पोखरीबारे अनुसन्धान गरिए थप कुराहरू बाहिर आउने र ऐतिहासिक दस्तावेज समेत हुने भएकोले सो को अनुसन्धान हुनुपर्ने माग स्थानीयवासीहरूको छ। पर्यटन विकासमा सौतेनिया पोखरीले समेत टेवा दिने भएकोले स्थानीय पालिका, प्रदेश सरकार समेतले यसलाई चासो दिई उत्खनन् र अनुसन्धान गर्नुपर्ने स्थानीय वयोवृद्ध लक्ष्मी मण्डलले बताउनुभयो ।



मिथिला नगरपालिका
धनुषा



गणेशमान चारनाथ
नगरपालिका, धनुषा



औरही नगरपालिका,
महोत्तरी

# जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

Hot line number
९८५४०२१३९५, ९७४८४५७४९०

**रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)**

**प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्धारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।**

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्वारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र
नाक, कान तथा उद्दीको रोग
प्रत्येक महिनाको पहिलो हप्ता

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।

# राष्ट्रिय स्तरका खेलाडी उत्पादन गर्न बर्दिवास नगरपालिकाले खेलकुदमा विशेष लगानी गर्ने : मेयर क्षेत्री

**खबर दर्पण समाचारदाता**

**माघ १ गते, बर्दिवास**

बर्दिवास नगरपालिकाका मेयर प्रह्लाद कुमार क्षेत्रीले लागु औषध दुर्व्यसन रोक्न युवाबर्गलाई खेलको मध्यमबाट बिकासगर्दै अघि बढाउनुपर्ने बताए ।

महोत्तरीको बर्दिवासमा मंगलवार आयोजित दोश्रो मेयर कप वडा स्तरीय क्रिकेट प्रतियोगिता २०८१ को उद्घाटन खेललाई सम्बोधनगर्ने क्रममा उनले यस्तो बताएका हुँन ।



उनले लागु औषधको कुलतमा फसेका युवाहरुको अवस्था पहिचान गरेर त्यस्ता युवाहरुको उपचारमा बर्दिवास नगर पालिकाले सहयोग गर्ने जनाए। उनले भने, कुलतमा फसेका युवाहरुको बिभिन्न चरण पहिचान गरेर शुरुवातको अवस्था भए खेलको माध्यमबाट कुलतबाट बाहिर निकाल्न सकिन्छ । यदि कुलतको दलदलमा बढीनै फसेको भए उपचारकालागी पुनस्थापना केन्द्रमा भर्ना गर्नुपर्ने हुन्छ । त्यसकालागि बर्दिवास नगर पालिकाले सहयोग गर्छ। नगर पालिका लागु औषधको केन्द्र बन्दै गईरहेको कुरामा सत्यता छैन ।

नगरपालिकाको जानकारीमा आएका थोरै युवाहरु मात्रै अहिले पुनस्थापना केन्द्रमा भर्ना भएका छन ।

उनिहरुलाई नगरपालिकाले सहयोग गरीरहेको छ । मेयर क्षेत्रीले कुलतमा फसेर पहिचान भएका युवाको नाम र अवस्था नलुकाई उनिहरुलाई समाजमा पुनस्थापनागरी उपचारमा सहयोगगर्नु पर्नेमा जोडदिए ।

उनले नगरपालिकालाई त्यस्ता ब्यक्तीको बिषयमा उजुरीगर्न र दुरर्ब्यशनी मुक्तगर्न सबैको सहयोगको अवश्यकता औल्याए । राष्ट्रिय स्तरका खेलाडी उत्पादन गर्न बर्दिवास नगरपालिकाले खेलकुदमा विशेष लगानी गर्ने उल्लेख गर्दै क्षेत्रीले बर्दिवासभित्र आर्थिक अवस्था कमजोर भएका उत्कृष्ट खेलाडीहरुलाई नगरपालिकाले सहयोग गर्ने बताए ।

बर्दिवासमा खेलको बृहत्तर बिकस गरी यहाँ खेलिने बिभिन्न खेलहरुकालागी भिन्दा भिन्दै खेल मैदानको ब्यवस्थागर्न नगर पालिका तयार रहेको क्षेत्रीको भनाई छ । त्यस कार्यकालागी नगरभित्रका बिभिन्न खेल समुहलाई नगरपालिकासंग छलफल गर्न समेत उनले आग्रह गरे । हाल बर्दिवास नगर पालिकाले यहाँ रहेका नदी उकास तथा सार्बजनिक जग्गालाई आङ्गनो स्वामित्वमा ल्याएर त्यसता जग्गाको संरक्षण र प्रयोग गर्न नगरपालिकाले चाँडैनै सर्बदलीय बैठक बोलाउन लागेको जानकारी दिए ।

उद्घाटन कार्यक्रममा मन्तब्य राख्दै बर्दिवास नगरपालिकाका प्रमुख प्रशाशकिय अधिकृत

*बाँकी पृष्ठ २*


**शीतलहरबाट बच्ने उपायहरु:**

- चिसो बढी भएको दिन वा समयमा सकभर बाहिर ननिस्कने ।
- चिसोबाट जोगिन शरीर ढाँक्ने र बाक्लो कपडा लगाउने ।
- पानी उमालेर मात्र पिउने, सकभर नुहाँउदा या अन्य प्रयोजनको लागि पनि तातोपानी प्रयोग गर्ने ।
- बालबालिका, गर्भवती महिला र बृद्धहरुलाई न्यानो कपडा लगाउन लगाउने र लगाउनको लागि प्रेरित गर्ने ।
- बस्ने कोठा न्यानो गराउने ।
- आमाको दूध खाने बच्चाहरुलाई नियमित स्तनपान गराई राख्ने।
- कुनै पनि मानिसलाई दम बढेमा, रुघाखोकी लागेमा, ज्वरो आएमा, निमोनियाका लक्षणहरु देखा परेमा, तुरुन्त आबश्यक उपचारको लागि स्वास्थ्य संस्थामा लैजान र जान सल्लाह दिने।
- धूम्रपान र मद्यपान सेवन नगर्ने र नगराउने ।
- ताजा खाना मात्र खाने साथै पोषण युक्त र झोलिलो खाने कुराहरु तातो छदै प्रशस्त खाने ।
- जाडोबाट बच्न बालेको आगो नजिक होसियार भएर बस्ने ।

**रामगोपालपुर नगरपालिका**

**महोत्तरी**



**सूचना ! सूचना !! सूचना !!!**

समाज वचत तथा ऋण सहकारी संस्थाको संचालक समितीको २०८१।०९।०७ को निर्णय अनुसार यस संस्थाको २२ औं साधारण सभा तपशिलको मिति,समय र स्थानमा हुने भएकोले यसै सुचनालाई आधार मानी सम्पूर्ण शेयर सदस्यलाई उपस्थितीको लागि अनुरोध गरिन्छ । यस संस्थाले आफ्नो शेयर सदस्यलाई पत्रीका, सामाजीक संजाल र रेडियो मार्फत सुचना दिईएको हुँदा यसै सुचनालाई आधार मानी सम्पूर्ण शेयर सदस्य महानुभावहरुलाई उपस्थितीको लागि अनुरोध गरिन्छ

**तपशील**

मिति : २०८१।१०।०३ बिहिवार

समय : ११ बजे देखी

स्थान : IRDS, समाज सहकारी अस्पतालको प्राङ्गणमा

**गीता अधिकारी**

अध्यक्ष

समाज वचत तथा ऋण सहकारी संस्था

**बर्दिबास -०१, महोत्तरी**

सम्पर्क नम्बर : ९८१९८१४४३६,९८४४०५२६३८



**अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल**

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

**शुभ स्वस्तिक हस्पिटल प्रा.लि.**

**मेनरोड बर्दिवास, महोत्तरी**

**044-550255**



खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)

उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com

प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,